मधेश प्रदेश सरकार

# शिक्षा तथा संस्कृति मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल

## मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ अभियान कार्यक्रम संचालन कार्यविधि, २०८१

मधेश प्रदेश सरकार, मन्त्रिपरिषदबाट स्वीकृत मिति २०८१/११/०१

# मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ अभियान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

प्रस्तावनाः मधेस प्रदेशमा महिलाहरुको आर्थिक,सामाजिक र शैक्षिक अवस्था कमजोर रहेको सन्दर्भमा छोरीहरुको चौतर्फी व्यक्तित्व विकास एवम् सशक्तिकरणको लागि उनीहरुको शिक्षामा पहुँच सुनिश्चत गर्दै,लोक कल्याणकारी राज्यको भावना अनुरुप लैङ्गिक विभेदमूक्त समाजको स्थापना मार्फत समग्र समाजकै रुपान्तरणको परिकल्पनालाई सार्थक तुल्याउन प्रदेश सरकारबाट सञ्चालन भइरहेको "मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ" अभियानलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,मधेश प्रदेश सरकारले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी "मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ" अभियान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ" अभियान कार्यक्रम संचालन कार्यविधि, २०८१" रहेको ।

(२) यो कार्य विधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अभिभावक" भन्नाले मधेश प्रदेशमा जन्मिएका छोरी शिक्षा बीमा/मुद्दति बचत कार्यक्रममा सहभागी हुन योग्य छोरीको बुवा वा आमा वा कानून बमोजिमको संरक्षकलाई सम्झनु पर्दछ।

(ख) "अभियान" भन्नाले मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ अभियान अन्तर्गतका कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ग) "निर्देशनालय" भन्नाले मधेश प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालय मातहतको शिक्षा विकास निर्देशनालयलाई सम्झनुपर्दछ।

(घ) "निर्देशक समिति" भन्नाले परिच्छेद-४ कोदफा नं.१२ मा रहेको निर्देशक समिति सम्झनु पर्दछ।

(ङ) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्दछ।

नि.प्रदेश सचिव

(च) "बीमित/मुद्दति बचत खातावाला" भन्नाले मुख्यमन्त्री बेटी पढाऊ बेटी बचाऊ अभियान अन्तर्गतको छोरी शिक्षा बीमा/मुद्दति बचत कार्यक्रम अन्तर्गतएकमुष्ठ योगदान रकम (प्रिमियम) भुक्तानी गरिएको व्यक्ति सम्झनु पर्दछ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

(ज) "मन्त्री" भन्नाले प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालयको मन्त्रीलाई सम्झनु पर्दछ।

(झ) "योगदान रकम (प्रिमियम)" भन्नाले छोरी शिक्षा बीमा/मुद्दति बचत कार्यक्रममा सहभागी भए बापत बीमितको तर्फबाट प्रदेश सरकारले बैंक/वितीय संस्थालाई भुक्तानी गर्ने रकमलाई सम्झनु पर्दछ ।

(ञ) "विशेष शिशु" भन्नाले फरक क्षमता वा अपाङ्गता भएको शिशु बीमक, धर्मपुत्री रहेको शिशु बीमकलाई सम्झनु पर्दछ।

(ट) "सेवा प्रदायक" भन्नाले बीमा/मुद्दति बचत सुविधा उपलब्ध गराउन निर्देशनालयसँग सम्झौता गर्ने "क" वर्गको वाणिज्य बैंक तथा बीमा कम्पनीलाई सम्झनु पर्दछ ।

(ठ) "संस्था" भन्नाले प्रचलित कानून अनुसार दर्ता भएका संघ/संस्थालाई सम्झनु पर्दछ ।

(ड) "संरक्षक" भन्नाले अभिभावकविहीन छोरीहरुका लागि कानुन बमोजिक संचालित अनाथालय वा वैकल्पिक स्याहार दिने संस्थाका प्रमुख/अध्यक्षलाई सम्झनु पर्दछ । साथै यो शव्दले व्यक्ति संरक्षक भएको हकमा त्यस्ता व्यक्तिलाई समेत सम्झनु पर्दछ।

(ढ) "शैक्षिक तथ्यांक" भन्नाले संघ अन्तर्गतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विद्यालय तहको शैक्षिक विवरण संकलन गर्न प्रयोग गरेको Education Management Information System (EMIS) को अनलाईन सफ्टवेयर प्रणालीमा प्रविष्ट भएको तथ्यांकलाई सम्झनु पर्दछ।

## परिच्छेद – २

## कार्यक्रम सम्बन्धी व्यवस्था

३. **अभियान अन्तर्गतका कार्यक्रम संचालन गर्ने :** (१) अभियान अन्तर्गतका कार्यक्रम प्रदेश सरकारको गौरवको आयोजनाको रुपमा संचालन हुनेछ ।

(२) अभियान अन्तर्गतका कार्यक्रममा प्रदेश सरकारले आवश्यक बजेटको व्यवस्था गर्नेछ ।

(३) अभियान अन्तर्गतका कार्यक्रममा प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालय मातहतको शिक्षा विकास निर्देशनालयले कार्यान्वयन गर्नेछ ।

नि.प्रदेश सचिव

४. **छोरी शिक्षा बीमा कार्यक्रममा आवद्ध हुनेः** (१) अभियान अन्तर्गतको छोरी शिक्षा वीमा कार्यक्रम मुख्य कार्यक्रमको रुपमा संचालन हुनेछ ।

(२) अभियान अन्तर्गतका कार्यक्रममा सहभागी हुने छोरीले बीस बर्ष पुरा भएपछि तीन लाख रकम बैंक मार्फत एकमुष्ट भुक्तानी पाउनेछन् ।

(३) छोरी शिक्षा वीमा कार्यक्रममा आबद्द हुन मधेश प्रदेश भित्र मिति २०७८/१०/०१ गते वा सोपछि जन्म भएका छोरीहरुको जन्मेको एक बर्ष भित्रमा निजका अभिभावक वा संरक्षकले अनुसूचि-१ बमोजिम भएको कागजातहरु सहित छोरीशिक्षा बीमा/मुद्दति बचत कार्यक्रमका लागि अनलाईन मार्फत निर्देशनालयमा निवेदन पेश गर्नु पर्नेछ । तर आमा तथा बुवा नभएको अवस्थामा निजको एकाघरका हजुरवुवा वा हजुरआमा वा नजिकको नातेदारको नागरिकता प्रमाणपत्र सहित निवेदन दिनु पर्नेछ । धर्मपुत्रीको हकमा निजका धर्मपिता वा धर्मआमाले निवेदनदिन सक्नेछ। तर जन्मेको एक वर्षभित्रमा निवेदन नदिएमा निर्देशनालयले त्यस्तो छोरीको बीमा गर्ने छैन ।

(४) यस बमोजिमको कार्यका लागि अनुसुचि-१ अनुसारको तोकिएका कागजातसहित अभिभावक वा संरक्षकले निवेदन दिएपछि निर्देशनालयले आवश्यकता अनुसार रूजु गर्ने प्रमाणित गर्ने प्रक्रिया पूरा गरी तोकेको सेवा प्रदायक बैंक वा वीमा कम्पनीमा वीमाको प्रिमियम रकम पठाइनेछ ।

(५) सेवा प्रदायक बैंक/वीमा कम्पनीले निर्देशनालयले आवश्यक जाँचबुझ गरी पठाएको छोरीको नाममा खाता संचालन गरी सो रकम सुरक्षित गर्नुपर्नेछ ।

(६) यसै दफाको उपदफा ३ अनुसारको समयमा जन्मेका बालिकालाई जन्मेको एक बर्ष भित्रमा छोरी शिक्षा बीमा/मुद्दती बचत कार्यक्रममा आबद्ध गराउनुसम्बन्धित अभिभावक वा संरक्षकको कर्तव्य हुनेछ ।

(७) प्रचलित कानुन बमोजिम स्थापित अनाथालय वा वैकल्पिक स्याहार केन्द्रमा आश्रित रहेका बालिकालाई छोरी शिक्षा बीमा/मुद्दति बचत कार्यक्रममा आवद्ध गराउनु त्यस्तो संस्थाको कर्तव्य हुनेछ । धर्मपुत्रीको हकमा निजका धर्मपिता वा धर्मआमाले धर्मपुत्री लिएको कानून बमोजिमको लिखत निवेदनसाथ पेश गर्नुपर्नेछ ।

(८) यस बमोजिम छोरी शिक्षा बिमा/मुद्दती बचत कार्यक्रममा आवद्ध हुने व्यक्तिलाई सेवा प्रदायकले निर्देशनालयले तोके बमोजिम छोरी शिक्षा बीमा/मुद्दतीको निस्सा जारी गर्नेछ।



नि.प्रदेश सचिव

का. मु. प्रमुख सचिव

(९) छोरी शिक्षा बिमा/मुद्दती बचत कार्यक्रममा आवद्ध हुने प्रक्रिया सम्बन्धी व्यवस्था निर्देशनालयले सेवाग्राहीले सहज सेवा पाउनेगरी समयानुकूल थपघट गर्न सक्नेछ । यस्तो प्रक्रिया निर्धारण गर्नु अगाडि निर्देशनालयले सेवा प्रदायकसँग आवश्यक छलफल गर्न सक्नेछ ।

(१०) अन्य कुनै सरकारी तथा गैरसरकारी निकायले छोरी शिक्षा बिमा/मुद्दती बचत कार्यक्रम संचालन गर्न चाहेमा निर्देशनालयसँग सम्झौता गरी निर्देशनालयमा प्राप्त आवेदक मध्ये तोकि दिएको संख्यामा यसै कार्यविधिको अधिनमा रही सो संस्थाहरुले वीमा गरिदिन सक्नेछन ।

(११) छोरी शिक्षा बिमा कार्यक्रममा सहभागी हुने छोरीहरुलाई निर्देशनालयले विमा प्रमाणपत्र उपलब्ध गराउनेछ। यसरी प्रमाणपत्र उपलब्ध गराउदा पहिलो पटक यस अघि विमित सबै छोरीहरुको लागि र यो कार्यविधि लागू भएपछि विमा कार्यक्रममा सहभागी भएकाले ३ महिना भित्र विमा प्रमाणपत्र पाउनेछन् ।

**५. सेवा प्रदायक संस्था छनौट सम्बन्धी व्यवस्थाः** (१) अभियान अन्तर्गत छोरी शिक्षा वीमा कार्यक्रम संचालन गर्न निर्देशनालयले प्रचलित कानून बमोजिम स्थापित वीमा कम्पनी वा "क" वर्गको वाणिजय बैंकसँग समन्वय, साझेदारी तथा संझौता गर्न सक्नेछ ।

(२) छोरी शिक्षा वीमा कार्यक्रममा सहभागी हुने छोरी २० वर्ष पूरा भएपछि एकमुष्ट तीन लाख भुक्तानी गर्न हालको के कति प्रिमियम रकम तथा के कस्ता शर्तमा गर्न सकिन्छ भन्ने व्यहोरा खोली प्रचलित कानून बमोजिम स्थापित वीमा कम्पनी वा "क" वर्गको वाणिजय बैंकसँग छोरी शिक्षा वीमा कार्यक्रमको सेवा प्रदायक संस्था छनौट गर्न आशयपत्र तथा प्रस्ताव माग गर्न निर्देशनालयले कम्तिमा पन्ध्र दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

(३) उपदफा (२) अनुसारको सूचना अनुसार प्राप्त प्रस्ताव मध्ये सबैभन्दा न्यूनतम प्रिमियम तथा थप सुविधा प्रस्ताव गरेको प्रस्तावकलाई दुई वर्षको लागि सम्झौता गरी सेवा प्रदायक छनौट गरिनेछ ।

(४) छनौट भएको सेवा प्रदायकले छोरी शिक्षा वीमा कार्यक्रममा निर्देशनालयले तोकेको प्रक्रिया पूरा गरेका छोरीहरुको मुद्दती खाता संचालन गर्ने, प्रिमियम जम्मा गर्ने, आवश्यक निस्सा दिने, अभिलेख राखे र २० वर्ष पूरा भएपछि एकमुष्ट तीन लाखरकम भुक्तानी दिनेछ ।



नि.प्रदेश सचिव

(५) सेवा प्रदायक दुई वर्षको लागि छनौट हुनेछ । सोही प्रिमियम तथा कार्यक्रममा निरन्तर आगामी वर्षहरुमा कार्यक्रममा सहभागी हुन चाहेमा सेवा प्रदान गरिरहेको सेवा प्रदायकले संझौताको समय सकिनु भन्दा एक महिना अगावै नविकरणको लागि प्रस्ताव पठाउनु पर्नेछ । सेवा दिईरहेकै सेवा प्रदायकले त्यसरी नवीकरणको प्रस्ताव गरेमा र निर्देशनालयलाई नवीकरण गर्न उपयुक्त लागेमा पून १ वा २ बर्षको लागि निर्देशनालयले संझौता गरी नवीकरण गर्नेछ । तर सेवा प्रदायकले संझौता नवीकरण गर्न नचाहेमा संझौताको समय सकिनु एक महिना अगावै सो को जानकारी निर्देशनालयलाई दिनु पर्नेछ । यसरी संझौता समाप्त भएमा निर्देशनालयले उपदफा २ बमोजिम सूचना प्रकाशन मार्फत पुनः प्रस्ताव माग गरीसेवा प्रदायक छनौट गर्नुपर्नेछ ।

(६) संझौता भएपछि विचमा संझौता भङ्ग गर्न पाईनेछैन । तर निर्देशनालय तथा सेवा प्रदायकको आपसी सहमतिमा प्रिमियम रकम तथा अन्य कुरामा निर्देशनालयलाई आर्थिक दायित्व नथपिने गरी सेवा शर्त थपघट गर्न सकिनेछ ।

(७) छोरी वीमाको प्रिमियम रकम, सेवा प्रदायक छनौट लगायतका खर्च यसैसँग सम्बन्धित कार्यक्रममा विनियोजन भएको वार्षिक बजेटबाट गरिनेछ ।

६. **सिफारिस सम्बन्धी व्यवस्थाः** (१) कार्यक्रममा समावेश हुन चाहने छोरीको अभिभावकवा संरक्षकले अनुसूची-१बमोजिमको कागजात सहित अनलाइनआवेदन गरे पश्चात आवश्यक प्रक्रिया पूरा गरी छोरी वीमा कार्यक्रमको प्रिमियम रकम सहितको विवरण सेवा प्रदायक बैंक/वीमा कम्पनीमा निर्देशनालयले पठाउनेछ ।

(२) निर्देशनालयबाट विवरण प्राप्त भएपछि सेवा प्रदायकले विमित छोरीको नाममा मुद्दति बचत खाता खोली सो खातामा निर्देशनालयबाट प्राप्त प्रिमियम रकम जम्मा गरी सो को निस्सा विमित छोरीको अभिभावकलाई दिनु पर्नेछ र सो को विवरण निर्देशनालयमा समेत पठाउनु पर्नेछ ।

(३) छोरी वीमा कार्यक्रममा सहभागिता हुने अभिभावकलाई आवश्यक प्रमाणहरु वनाइदिने, सहयोग गर्ने, समन्वय गर्ने, प्रचारप्रसार गर्ने र आवश्यकता अनुसारको सिफारिश गर्ने दायित्व स्थानीय तह तथा सो तह जिम्मेवार पदाधिकारी तथा कर्मचारीको हुनेछ ।

नि.प्रदेश सचिव

७. **समन्वय र सहयोग सम्बन्धी व्यवस्था:** (१) छोरी शिक्षा वीमा कार्यक्रम नियमित संचालनको लागि आवश्यक वार्षिक बजेटको व्यवस्था, निर्देशन, समन्वय र सहयोगप्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालय  मार्फत हुनेछ ।

(२) छोरी शिक्षा वीमा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न निर्देशनालयले प्रदेश सरकारका विभिन्न निकाय, स्थानीय तह, प्रदेश भित्र कार्यक्षेत्र रहेका विभिन्न अन्तर्राष्ट्रिय/राष्ट्रिय गैरसरकारी संघसंस्थासंग समन्वय गर्न तथा आवश्यक सहयोग लिन सक्नेछ ।

(३) छोरी शिक्षा विमा कार्यक्रमको लागि निम्न स्रोतहरु हुनेछन:

(क) प्रदेश सरकारबाट बार्षिक बजेट मार्फत प्राप्त रकम,

(ख) संघीय सरकारबाट विशेष अनुदान, समपूरक अनुदान तथा अन्य अनुदान मार्फत प्राप्त रकम,

(ग) स्थानीय तह तथा अन्य सरकारी निकायबाट छोरी शिक्षा विमा कार्यक्रमको लागि कुनै शिर्षकमा छुट्याएको रकम जसलाई प्रदेश अर्थ मन्त्रालयले तोकेको प्रक्रिया अनुसार निर्देशनालयले प्राप्त गर्ने रकम,

(घ) अन्य कुनै दातृ संघसंस्था, निकाय, व्यक्तिहरुबाट प्राप्त हुने रकम ।

८. **सम्झौता रद्द गर्न सकिने:** (१) निर्देशनालयले सेवा प्रदायकसँग गरेको सम्झौता देहायको अवस्थामा रद्द गर्न सक्नेछ:-

(क) सेवा प्रदायकले निर्देशनालयले तोकेको अवधि भित्र सम्झौता नविकरण नगरेमा ।

(ख) सेवा प्रदायकले सम्झौता अनुसार बिमितलाई/मुद्दति बचत खातावालालाई सेवाप्रदान नगरेमा ।

(ग) निर्देशनालयले निर्धारण गरेका मापदण्ड वा सेवाका अन्य सर्त पालनानगरेमा ।

(घ) निर्देशनालयले कारण देखाइ कुनैपनि समयमा सम्झौता रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता रद्द गर्नु अघि निर्देशनालयले सम्बन्धित सेवाप्रदायकलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

९. **अभियान अन्तर्गत संचालन हुने अन्य कार्यक्रमहरु:**

(क) लैंगिक हिंसा विरुद्ध कार्यक्रम

(ख) छात्रा साइकल वितरण कर्यक्रम

(ग) छात्रा प्रोत्साहन (ल्यापटप वितरण) कार्यक्रम

(घ) जनचेतनामूलक कार्यक्रम

(ङ) क्षमता विकास कार्यक्रम

(च) अभिभावक शिक्षा कार्यक्रम

मधेश प्रदेश सरकारले माथि उल्लेखित कार्यक्रमहरुमा बजेटको व्यवस्था/सुनिश्चितता गरेमा कार्यविधि बनाई वा प्रचलित कानून बमोजिमकार्यक्रम संचालन गर्न सक्नेछ ।

## परिच्छेद – ३

## सुविधा र भुक्तानी सम्बन्धी व्यवस्था

१०. **बीमित/बचतकर्ताले पाउने सेवा/सुविधाः** छोरी शिक्षा बीमा/मुद्दति बचत अन्तर्गत सेवाग्राहीलाई देहायको सुविधा प्रदान हुनेछः-

(१) सेवा प्रदायकले बीमित/मुद्दति बचतकर्तालाई बीमा समयावधी समापन भए पश्चात तीन लाख रुपैयाँ भुक्तानी प्रदान गर्नु पर्नेछ।

(२) सेवा प्रदायकले बीमित/मुद्दति बचतकर्तालाई प्रदानगर्ने कानुन बमोजिमका अन्य सुविधाहरु समेत प्रदान गर्नु पर्नेछ ।

११. **भुक्तानी सम्बन्धी व्यवस्थाः** (१) छोरी शिक्षा बीमा कार्यक्रम अन्तरगत बीमा/मुद्दती खाताको समयावधि बढीमा २० बर्ष हुनेछ । निर्धारित अवधि पश्चात खातावाला छोरीले कक्षा १२ वा सो सरहपूरा गरेको प्रमाण पेश गरेपछि निर्देशनालयको सिफारिश र अन्य आवश्यक कागजात प्राप्त भइसकेपछि मात्र बालिकाको खातामा जम्मा भएको रकम नियमानुसार प्राप्त हुने ब्याज, बोनस सहित सेवा प्रदायकले बीमित/मुद्दति बचतकर्तालाई भुक्तानी गर्नु पर्नेछ । अभिभावकले ढीलो आवेदन गरी अवधि २० वर्ष भन्दा कम हुने अवस्था भएमा सोही अनुसार हिसाब गरी भुक्तानी हुनेछ।

(२) छोरी शिक्षा बीमा/मुद्दति बचत कार्यक्रम अन्तर्गतको रकम बीमित/मुद्दति खाताबालाले बीमा अवधि/मुद्दति बचत बीमित खातावालालाई कक्षा १२ वा सो सरह पूरा नगरेमा र कानुनले तोकेको उमेर भन्दा अघि विवाह गरेको अवस्थामा भुक्तानी दिइने छैन। यसरी भुक्तानी नदिंदा बीमित/मुद्दती बचत खातावालाको खातामा जम्मा भएको रकम निर्देशक समितिको सिफारिसमा सेवा प्रदायकले प्रदेश संचित कोषमा जम्मा गर्नु पर्नेछ।

(३) छोरी शिक्षा बीमा/मुद्दति बचत कार्यक्रम अन्तर्गत बीमितको बीमा अभिलेख/मुद्दति बचत अभिलेख सेवा प्रदायकले निर्देशनालयलाई उपलब्ध गराउनु पर्नेछ।



नि.प्रदेश सचिव

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि बालिका छोरीको, मृत्यु भएमा वा असाध्य/कडा रोग लागेको कुरा सरकारी अस्पतालबाट प्रमाणित भई आएमा वा गम्भिर प्रकृतिको अपाङ्गता भई कक्षा-१२ वा सो सरहको शिक्षापूरा गर्न नसक्ने अवस्था प्रमाणित गर्ने कागजात पेश भएमा वा अभिभावकको मृत्यु भएको अवस्थामा वा संरक्षक व्यक्तिको मृत्यु भइ आर्थिक कठिनाइका कारण खातावालाले विद्यालय शिक्षालाई निरन्तरता दिन नसक्ने अवस्था देखिएमा यथार्थ बुझी निर्देशक समितिले निर्णय गरे बमोजिम मुद्दति खाताको समयावधि समाप्त हुनु अगावै पनि त्यस्ता खातावालालाई सेवा प्रदायकले रकम उपलब्ध गराउन सक्नेछ ।

(५) पेश गरेको जन्मदर्ता लगायतका कातजात प्रमाण किर्ते वा झुठ्ठा भएको ठहर भएमा सो पेश गर्ने अभिभावक, संरक्षक जिम्मेवार हुने र निजलाई प्रचलित कानुन बमोजिम कारवाही हुनेछ । झुठ्ठा विवरणका आधारमा खोलिएका खाता निर्देशक समितिको सिफारिसमा रद्द गरी सो खातामा जम्मा भएको रकम प्रदेश संचित कोषमा जम्मा गरिनेछ ।

## परिच्छेद – ४

## निर्देशक समिति र जनशक्ति परिचालन सम्बन्धी व्यवस्था

१२. **निर्देशक समितिः-** अभियान कार्यक्रमको सम्पुर्ण काम कारवाहीको सञ्चालन रेखदेख,नियन्त्रण तथा निर्देशन दिन एक निर्देशक समिति रहनेछ।

(१) निर्देशक समितिको गठनः- निर्देशक समितिको गठन देहाय बमोजिम हुनेछः

(क) मन्त्री, प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) सदस्य(शिक्षा विषय हेर्ने)प्रदेश नीति तथा योजना आयोग -सदस्य

(ग) प्रदेश सचिव, प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालय -सदस्य

(घ) अधिकृत प्रतिनिधि,अर्थ मन्त्रालय -सदस्य

(ङ) अधिकृत प्रतिनिधि,मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(च) शिक्षा महाशाखा/शाखा प्रमुख -प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालय - सदस्य

(छ) निर्देशक, शिक्षा विकास निर्देशनालय -सदस्य सचिव



नि.प्रदेश सचिव

(२) निर्देशक समितिको बैठक कम्तिमा दुई महिनामा एक पटक बस्नेछ। बैठकमा अध्यक्षले तोकेको बढीमा तीन जनासम्म सम्बन्धित विषयका विज्ञ वा सरोकारवाला व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) निर्देशक समितिका पदाधिकारीहरुले समितिको बैठकमा भाग लिए बापत प्रचलित कानून बमोजिम बैठक भत्ता पाउने छन् ।

१३. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः-** निर्देशक समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अभियान अन्तर्गत सञ्चालन हुने योजना तथा कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने ।

(ख) अभियान अन्तर्गत योजना तथा कार्यक्रम सञ्चालनका लागि मार्गदर्शन प्रदान गर्ने ।

(ग) अभियान अन्तर्गत सञ्चालित योजना कार्यक्रमहरुको अनुगमन गर्ने/गराउने ।

(घ) अभियान अन्तर्गत कार्यक्रमको उद्देश्य प्राप्तिका लागि सहयोग तथा सहजीकरण गर्ने ।

(ङ) सेवा प्रदायक बाट प्राप्त कार्य प्रगति विवरणको सम्बन्धमा समय समयमा समीक्षा गर्ने ।

(छ) छोरी शिक्षा वीमा कार्यक्रमको मुद्दती बचत खाताको तोकिएको समयावधि समाप्त भए पश्चात सम्बन्धित छोरीले माग गरेको रकमका सम्बन्धमा आवश्यक कागजात र प्रमाण अध्ययन गरी भुक्तानीका लागि सिफारिस गर्ने ।

(ज) छोरी शिक्षा वीमा कार्यक्रमको मुद्दति खाता वाहकले पढाइ पुरा नगरेमा वा निजको मृत्यु भएमा वा निज बेपत्ता भएको प्रमाणित भएमा वा कानुनले तोकेको उमेर अघि विवाह गरेमा त्यस्ता बालिकाहरुले पाउने रकम प्रदेशको संचित कोषमा जम्मा गर्ने/गराउने,

(झ) अभियान अन्तर्गतका कार्यक्रमलाई प्रभावकारी कार्यन्वयन गर्न अन्य आवश्यक कामहरु गर्ने ।

१४. **जनशक्ति परिचालन तथा स्रोत व्यवस्थापनः-** (१) अभियान अन्तर्गत योजना तथा कार्यक्रम सञ्चालन गर्न चाहिने आवश्यक जनशक्तिको लागि प्रदेश सरकारले आवश्यकता अनुसार अस्थायी दरबन्दी स्वीकृत गरी व्यवस्थापन गर्न सक्नेछ।

(२) प्रदेश सरकारबाट अस्थायी दरवन्दी स्वीकृत भई आएमा निर्देशनालयले प्रचलित कानुन बमोजिम पदपूर्ति गर्नेछ।

(३) यस्तो अस्थायी दरबन्दी सालवसाली स्वीकृत गराउनुपर्ने छ ।

(४) प्रदेश सरकारबाट अस्थायी दरबन्दी स्वीकृत नभएमा निर्देशनालयका स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीबाट कामकाज संचालन गर्नुपर्नेछ ।



नि.प्रदेश सचिव

## परिच्छेद – ५
## विविध व्यवस्था

१५. **खरिद सम्बन्धी कार्यः**- यस कार्यक्रम कार्यन्वयनका लागि आवश्यक पर्ने परामर्श सेवा, वस्तु तथा अन्य सेवाहरु खरिद गर्दा प्रचलित ऐन तथा नियमावली अनुसार खरिद गर्नु पर्नेछ।

१६. **अनुगमन मूल्याङ्कनः**- (१)अभियानको उद्देश्य मुताविक कार्यक्रम सञ्चालन भए नभएको र तोकिएको सेवा प्रदायकले लक्ष्य बमोजिमको कार्य गरे नगरेको सन्दर्भमा समय समयमा मन्त्रालय, निर्देशक समिति, निर्देशनालयबाट नियमित अनुगमन तथा मूल्यांकन गर्नु पर्नेछ ।
(२) निर्देशनालयले कार्यक्रम प्रभावकारिताको वारेमा अध्ययन गराउन सक्नेछ । सो अध्ययनबाट प्राप्त प्रतिवेदन मन्त्रालय तथा निर्देशक समितिमा पेश गर्नु पर्नेछ ।

१७. **लेखा परीक्षणः**- यस कार्यक्रम अन्तर्गत भएका आर्थिक कारोबारको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाटर अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

१८. **संशोधन गर्न सक्नेः**- प्रदेश सरकारले आवश्यकता अनुसार यस कार्य विधिमा थपघट वा संशोधन वा खारेज गर्न सक्नेछ।

१९. **अभियानको समिक्षा गर्नेः**- (१) निर्देशनालयले समय समयमा अभियान अन्तर्गत संचालित कार्यक्रमहरुको वार्षिक समीक्षा गर्नेछ र सोको जानकारीमन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।
(२) यस अभियान अन्तर्गत बिमा गरिएका/मुद्दती खाता खोलिएका बालिकाहरुको नाम नामेसी विवरण निर्देशनालयले अद्यावधिक गरी राख्नु पर्नेछ। यसरी अद्यावधिक गरेको विवरण निर्देशनालयले आफ्नो वेवसाइट र सुचना पाटीमा प्रकाशित गर्नुपर्ने छ ।

२०. **खारेजी र बचाउः** (१) मुख्यमन्त्री बेटी पढाऊ,बेटी बचाऊ अभियान कार्यक्रम संचालन कार्यविधि, २०७८ खारेज गरिएको छ ।
(२) मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ अभियान कार्यक्रम संचालन कार्यविधि, २०७८ बमोजिम भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

नि.प्रदेश सचिव

मधेश प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय जनकपुरधाम, धनुषा, नेपाल

का.मु. प्रमुख सचिव

अनुसुची: १

(दफा ४ (३) सगँ सम्बन्धित)

<u>अभिभावक वा संरक्षकले पेश गर्नु पर्ने आवश्यक कागजात</u>

मिति २०७८ माघ १ गते पछि जन्मेका छोरीहरुलाई शिक्षा बीमा/मुद्दती बचत खाता कार्यक्रममा संलग्न गराउन चाहने अभिभावक वा संरक्षकले शिक्षा विकास निर्देशनालयले प्रकाशित गरेको सुचनाको म्याद भित्र तपसिल बमोजिमका कागजात सहितको निवेदन सम्बन्धित स्थाननीय तहमा दिनुपर्ने छः-

<u>तपसिलः-</u>

१. अनुसूची-२ बमोजिमको ढाचाँको निवेदन पत्र।

२. अनुसूची-३ बमोजिमको ढाचाँमा प्रतिबद्धता पत्र ।

३. छोरीको जन्म प्रमाण पत्रको प्रतिलिपि ।

४. छोरी शिक्षा बीमा /मुद्दती बचत खाता कार्यक्रममा सहभागी गराइदिने व्यहोराको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।

५. अभिभावक मध्ये एक वा दुवैको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

६. अभिभावकको पासपोर्ट साईजको फोटो-६

७. कार्यक्रममा सहभागी हुने छोरीको पासपोर्ट साईजको फोटो-६ प्रति

८. छोरीको अस्पतालको जन्म प्रमाण पत्रको प्रतिलिपि जन्म दर्ता प्रमाण पत्र नभएको खण्डमा छोरीको उमेर प्रमाणित हुने अन्य कागजपत्र जस्तैः- खोप लगाएको कार्ड आदी ।

९. धर्मपुत्रीको हकमा निजका धर्मपिता वा धर्मआमाले धर्मपुत्री लिएको कानुन बमोजिमको लिखितको प्रतिलिपि

१०. वैकल्पिक स्याहारमा रहेको व्यक्तिको हकमा संरक्षण गर्ने संस्थाका प्रमुखको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि संस्थाले संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रतिलिपि र संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि।

११. व्यक्ति संरक्षक भएको हकमा व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रतिलिपि ।

तर आमा वा बुवा नभएको अवस्थामा निज छोरीको एकाघरका हजुरबुबा वा हजुरआमाको नागरिकता प्रमाणपत्र सहित निवेदन दिनुपर्नेछ ।

मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल

नि.प्रदेश सचिव

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम, धनुषा, नेपाल

का. मु. प्रमुख सचिव

अनुसूचि-२

(अनुसूची-१ (१) सँग सम्बन्धित)

श्रीमान् निर्देशक ज्यू

शिक्षा विकास निर्देशनालय प्रदेश नं.२ जनकपुरधाम।

मार्फत

...............पालिका

...........जिल्ला

नाम.......................

विषयः- बचत मुद्दती खाता खोल्न सिफारिस गरी पाऊँ

प्रस्तुत विषयमा मुख्यमन्त्री बेटी पढाऊ बेटी बचाऊ अभियान अन्तर्गतको छोरी शिक्षा बीमा/मुद्दती बचत कार्यक्रममा सहभागी हुन मिति...........................मा जन्मेको.........................को.....................नातिनी.............(आमा)..................(बाबु) को...........महिनाको छोरी.......................को अनुसूचि-१ बमोजिमका प्रमाणित कागजात संलग्न राखी छोरीको नाममा बचत मुद्दती खाता खोल्ने सिफारिस गरि दिनु हुन अनुरोध गर्दछु। मैले निवेदनको साथमा पेश गरेका कागजातहरु किर्ते/झुट्टा ठहरिएमा कानुन बमोजिम सहुलाँ ।

| सहिछाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

निवेदक

नामः

ठेगानाः

हस्ताक्षर

मितिः



मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, नेपाल

नि.प्रदेश सचिव

अनुसूचि-३

(अनुसूची-१ (२) सँग सम्बन्धित)

**प्रतिबद्धता पत्रको ढाँचा**

म...............जिल्ला....................नगरपालिका/गाउँपालिका वडा न. .................. बस्ने/नाबालक श्री................................को अभिभावक/संरक्षक..................ले मुख्यमन्त्री बेटी पढाऊँ बेटी बचाऊँ अभियान अन्तर्गत छोरी शिक्षा बीमा/मुद्दती बचत कार्यक्रममा सहभागी हुन निम्न अनुसारका शर्तहरुको अधिनमा रहि प्रतिबद्धता गर्दछु ।

शर्तहरु:

१. म छोरी पढाउने प्रतिबद्धता व्यक्त गर्दछु र कम्तिमा विधालय शिक्षा १२ कक्षा वा सो सरह पूरा गराउन प्रतिवद्ध छु ।
२. प्रचलित कनुनको अधिनमा रहि छोरीको उमेर २० विस वर्ष पूरा नभएसम्म विवाह गराउने छैन ।
३. मुद्दती बचत कार्यक्रमका शर्त नियम तथा निर्देशन प्रतिबद्धता बाहिर अन्य कुनै सेवा सुविधा दावी गर्ने छैन।
४. म छोरी छोरी बीच लैङ्गिक विभेद रहित समान व्यवहार गर्नेछु ।
५. कार्यविधि बमोजिमको अवधि वा अवस्था भएपछि प्राप्त हुने मुद्दती बचत रकम छोरीको क्षमता विकासका कार्यमा खर्च गर्न प्रोत्साहित गरि निजको उज्वल भविष्य निर्माणमा पूर्ण सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

<u>प्रतिबद्धता जाहेर गर्नेको विवरण:</u>

नाम/थर.......................ठेगाना.......................बालिकासँगको नाता.......................ना.प्र.प.न......................

हस्ताक्षर.............

मिति.........................सम्पर्क नम्बर........................

<u>साक्षीहरुको विवरण:</u>

(१) नाम/थर.....................ठेगाना.....................
हस्ताक्षर........................मिति.....................
सम्पर्क नम्बर................

(२) नाम/थर..........................ठेगाना............................
हस्ताक्षर..........................मिति................
सम्पर्क नम्बर..................



नि.प्रदेश सचिव